बैठक संख्या: ३२

आज मिति २०८०/०८/१३ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री लाल बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसील बमोजिमका निर्णय गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री लाल बहादुर पौडेल | - गा.पा. अध्यक्ष |
| २. | श्री प्रतिभा सिंह थापा | - गा.पा. उपाध्यक्ष |
| ३. | श्री यम बहादुर खड्का | - १ नं. वडा अध्यक्ष |
| ४. | श्री चित्र ब. बुढाथोकी | - २ नं. का.वा. अध्यक्ष |
| ५. | श्री भिम कुमार थापा | - ३ नं. वडा अध्यक्ष |
| ६. | श्री भिमराज खड्का | - ४ " — " |
| ७. | श्री भगम थापा | - ५ " — " |
| ८. | श्री लवराज खरेल | - ६ " — " |
| ९. | श्री रामलखन थापा | - ७ " — " |
| १०. | श्री सालीकराम डाँगी | - ८ " — " |
| ११ | श्री सोहनलाल थापा | - ९ " — " |
| १२. | श्री राधिका सुनार | - कार्यपालिका सदस्य |
| १३. | श्री पम कुमारी वली | - " — " |
| १४ | श्री गौरा डाँगी | - " — " |
| १५. | श्री सुमित्रा थापा | - " — " |
| १६. | श्री धान ब. वि.क. | - " — " |
| १७. | श्री केशवराज घमाई | - " — " |
| १८. | श्री ओम प्रकाश देवकोटा | - प्र.प्र.अ. (सं. सचिव) |
| | **सहयोगी कर्मचारीहरु** | |
| १९. | जनार्दन पौडेल | - सू.प्र.अ. |
| २०. | राज तिलक थापा | - के.अ. इन्जिनियर |

कार्यपालिका बैठक संख्या नं. ३३ स्थानः गाउँपालिका मिति २०८०/०८/१३ गते

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. निर्देशिका तथा कार्यविधि स्वीकृत सम्बन्धमा ।
३. नदीजन्य पदार्थको ठेक्का सम्झौता तथा कार्यादेश अनुमोदन सम्बन्धमा ।
४. जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने सम्बन्धमा ।
५. सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन नपुग रकम माग गर्ने सम्बन्धमा ।
६. लक्ष्मी मा वि छात्रावास निर्माण अपुग रकम सुनिश्चतता सम्बन्धमा ।
७. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन सम्बन्धमा ।
८. किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागि वडा छनौट सम्बन्धमा ।
९. बाटो कालोपत्रेका लागि हुलाकी सडक आयोजनालाई अनुरोध गर्ने सम्बन्धमा ।
१०. ठेक्का ईजाजत पत्र अनुमती सम्बन्धमा ।
११. योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।
१२. बाँसखोली गाउँको बाटो तथा नाली निर्माणको भुक्तानी दिने सम्बन्धमा ।
१३. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
१४. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।
१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव उपर छलफल सम्बन्धमा ।
१६. आँखा सहायक, अप्टिकल फिटर तथा फिल्ड सहयोगीको विज्ञापन गर्ने सम्बन्धमा ।
१७. विपद् सूचना प्रवाह साइरन जडान तथा कन्टेनर माग गर्ने सम्बन्धमा ।
१८. सार्वजनिक पोखरी तथा मठ मन्दिरहरुको लगत संकलन सम्बन्धमा ।
१९. स्थानीय प्रारम्भिक बाल विकास समिति गठन सम्बन्धमा ।
२०. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।
२१. संस्थालाई कार्य सहमति दिने सम्बन्धमा ।
२२. विविध ।

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका निर्देशिका, कार्यविधि तथा मापदण्ड विधेयक समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

(१) दुध उत्पादक कृषक प्रोत्साहन अनुदान वितरण निर्देशिका, २०८०

(२) योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८०

साथै तपसीलमा उल्लेखित निर्देशिका तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) राप्ती सोनारी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ (संसोधन २०८०)

(२) राप्ती सोनारी फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०

(३) आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**निर्णय नं. ३**

मिति २०८० कार्तिक २२ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम स्वीकृत नदीजन्य पदार्थ बिक्री सम्बन्धी बोलपत्र नम्बर “2/RSRM-2080/81” को प्याकेज नम्बर ‘क’ लागि प्रस्ताव पेश गर्ने श्री चुर कन्सट्रक्सन एण्ड ढकाल सप्लायर्स, सरावल गाउँपालिका-१, नवलपरासीले हाललाई सम्पूर्ण रकम तथा बैंक ग्यारेण्टी बुझाउन नसक्ने तथा नियमित रुपमा किस्तावन्दी रुपमा राजश्व रकम बुझाउने कार्ययोजना र प्रतिवद्धता सहित निवेदन पेश गरेकोले प्रथम किस्ता वापत नगद रु. ७५,४७,८२८।६८ (पचहत्तर लाख सतचालिस हजार आठ सय अठ्ठाइस पैसा अटसठ्ठी मात्र) तथा जमानत वापत एकमुष्ट रुपमा श्री ग्लोबल आई. एम. ई. बैंक लिमिटेड, नवलपरासी शाखालेश्री चुर कन्सट्रक्सन एण्ड ढकाल सप्लायर्स, सरावल गाउँपालिका-१, नवलपरासीको नाममा जारी गरेको चेक नं ६१४०७६६६ बाट रु. ८,७९,४९,०७७।३९ (अक्षेरुपी आठ करोड उनासी लाख उन्पचास हजार सतहत्तर पैसा उन्चालिस मात्र) एवं सोही बैंकका भिन्ना भिन्नै चेकहरुबाट रु. ७,७९,४९,०७७।३९ (अक्षेरुपी सात करोड उनासी लाख उन्पचास हजार सतहत्तर पैसा उन्चालिस मात्र) गरी जम्मा रु. १६,५८,९८,१५४।७८ (अक्षेरुपी सोह करोड अन्ठाउन्न लाख अन्ठानब्बे हजार एक सय चौपन्न पैसा अठहत्तर मात्र) बरावरको जमानत लिई गरिएको संझौता र दिईएको कार्यादेश राप्ती सोनारी नदीजन्य पदार्थ व्यावस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ९ (२) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जनताको तटबन्ध कार्यक्रम, लमही दाङ्गको मिति २०८० मंसिर ४ को च. न. १३२ को पत्रानुसार यस राप्ती सोनारी गाउँपालिकाको वार्ड नं २ र ५ मा एशियाली विकास बैंकको आर्थिक सहायतामा निर्माण भईरहेको राप्ती नदी तटबन्धलाई आवश्यक पर्ने ढुंगा तथा बोल्डर यस गाउँपालिका भित्र पर्ने मुगवा खोलाबाट आपूर्ति गरी सो वापत गाउँपालिकालाई रोयल्टी प्राप्त हुन सुनिश्तताका लागि ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिम जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय हुन अनुरोध गर्ने निर्णय गरियो ।

प्रमाणित

**निर्णय नं. ५**

यस आ. व. २०८०/८१ मा संघीय सरकारबाट हस्तान्तिरित शसर्त अनुदान तर्फको सुरक्षित नागरिक आवास कार्यक्रमका लागि विनियोजन बजेट रु. ५१ लाख सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ (संसोधन २०७७) को दफा ५ उपदफा ७ बमोजिम प्रथम किस्ता ६० प्रतिशत उपलब्ध गराउन न्यून रहेकोले नपुग हुन आउने रकम रु. १,५१,५०,०००/- (अक्षेरुपी एक करोड एकाउन्न लाख पचास हजार मात्र) नेपाल सरकार शहरी विकास मन्त्रालयमा माग गर्नुका साथै यस प्रतिनिधि सभा सदस्य माननीय श्री सूर्य ढकाललाई अवगत गराउने निर्णय गरियो।

**निर्णय नं. ६**

राप्ती सोनारी-२ मा रहेको लक्ष्मी मा. वि. मदुई, बाँकेलाई छात्रावास निर्माणका लागि नेपाल सरकारबाट प्राप्त शशर्त अनुदानका रुपमा विनियोजित रु. २५,०००/- (अक्षेरुपी पच्चिस लाख मात्र) ले मात्र अपुग हुने भई पूर्वाधार शाखाबाट प्राप्त लागत अनुमान अनुसार रु. १८,००,०००/- (अक्षेरुपी अठार लाख मात्र) रकम गाउँपालिकाको ३१११३ (आन्तरिक श्रोत) विद्यालयहरुको शौचालय निर्माण/मर्मत, खानेपानी व्यवस्थापन, टिनको छाना भएका कक्षा कोठामा जिप्सन/प्लाइउड जडान, कक्षा कोठा मर्मत सम्भार शीर्षकबाट श्रोत व्यवस्थापन गरी बोलपत्रको प्रक्रिया यथाशीघ्र थालनी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७**

यस आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन गर्ने संघीय शसर्त अनुदान तर्फको किसान सूचीकरण कार्यक्रमका लागि किसान सूचीकरण कार्यान्वयन कार्यविधि, २०७७ को दफा १८ अनुसार तपसीलको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष श्री मनिषा सिंह थारु | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | सदस्य |
| ३. | आर्थिक विकास समिति संयोजक श्री मिन कुमार थारु | सदस्य |
| ४. | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ५. | अधिकृत प्रतिनिधि पशु विज्ञ केन्द्र, बाँके | सदस्य |
| ६. | कृषि धार हेर्ने संयोजक शिक्षक लक्ष्मी मा. वि. मदुई | सदस्य |
| ७. | कृषि शाखा प्रमुख श्री चन्द्रा कुमारी शाही | सदस्य |
| ८. | पशु सेवा शाखा प्रमुख श्री जय बहादुर कार्की | सदस्य - सचिव |

**निर्णय नं. ८**

संघीय शसर्त अनुदान तर्फको किसान सूचीकरण कार्यक्रमका किसान सूचीकरण कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम यस आर्थिक वर्ष २०८०/८१ मा वडा नम्बर २, ३, ७, र ८ मा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस गाउँपालिका अन्तर्गतका तपसीलका सडक खण्डहरु यसै आ. व. २०८०/८१ मा कालो पत्रे गर्न हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, नेपालगंज बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो।

| सि नं | ठेगाना | सडक खण्ड | कैफियत |
|---|---|---|---|
| १ | राप्ती सोनारी गा. पा. - २ | अगैया बजार देखि सिक्टा बाँध पुलसम्म | |
| २ | राप्ती सोनारी गा. पा. - ३ | भवानियापुर चोक देखि नारायणपुर चोकसम्म | |
| ३ | राप्ती सोनारी गा. पा. – ३ र ४ | मोरङ्गा खोला पुलको दुवै तिर | |



CamScanner

**निर्णय नं. १०**

घरेलु तथा साना उद्योग कार्यालय, बाँकेले तपसीलको मितिहरुमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्महरु प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत जारी गर्ने निर्णय गरियो ।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | घरेलु कार्यालयबाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | काजी कन्सट्रक्सन | ०९३७-११-२०८०/८१ | २०८०/०५/०५ | लाल बहादुर बस्नेत राप्ती सोनारी ४ बाँके | |
| २ | बागेश्वरी निर्माण सेवा प्रा. लि. | ००५५-११-२०८०/८१ | २०८०/०४/३१ | खुम बहादुर बस्नेत राप्ती सोनारी ४ बाँके | |
| ३ | दिव्यम् कन्सट्रक्सन | १०९८-११-२०८०/८१ | २०८०/०७/२३ | ओम राज सोनी राप्ती सोनारी ९ बाँके | |
| ४ | विक्रम निर्माण सेवा | ११०३-११-२०८०/८१ | २०८०/०८/०७ | विशाल घर्ती मगर राप्ती सोनारी १ बाँके | |

**निर्णय नं. ११**

पर्यटन डिभिजन कार्यालय कोहलपुर बाँकेको चालु आ.ब. २०८०/८१ को स्वीकृत योजना तथा कार्यक्रम अनुसार यस राप्ती सोनारी गाउँपालिकामा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माण ।

२. ग्रामीण विकास कार्यक्रम अन्तर्गत थारु, वादी, परियार, तेली, चमार, पासी, गन्धर्व, सोनाह, कुमाल, मगर लगायत जनजातिको पेशा तथा संस्कृति संरक्षण, क्षमता विकास, आधुनिक प्रविधि हस्तान्तरण तथा बजारीकरण ।

३. विभिन्न जातजातिको कला संस्कृति संरक्षण तथा प्रर्वद्धन र क्षमता विकास कार्यक्रम ।

४. थारु समुदायको भुँइयार थान, धार्मिक मठमन्दिर निर्माण कार्यक्रम ।

५. थारु, मगर सांस्कृतिक ग्राम निर्माण कार्यक्रम ।

६. गौशला व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यक्रम ।

७. होमस्टे व्यवस्थापन ।

८. ताल तलैया संरक्षण तथा प्रर्वधन ।

**निर्णय नं. १२**

यस गाउँपालिक वार्ड नं. १ को बाँसखोली गाउँको नाली तथा बाटो निर्माण गर्दाको लागत रकम रु. १,४५,६९६।५० (अक्षरुपी एक लाख पैतालिस हजार छ सय उनान्सय पैसा पचास मात्र) यस आर्थिक वर्षको स्वीकृत विपद् राहत उद्दार तथा पुर्नस्थापना शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

गाँउपालिका उपाध्यक्ष श्री मनिषा सिंह थारुले आ. व. २०८०/८१ को प्रथम चौमासिक अवधिको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।



CamScanner

**निर्णय नं. १४**

आ. व. २०८०/८१ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रमको प्राप्त प्रतिवेदन उपर छलफल हुँदा सार्वजनिक सुनुवाईका क्रममा उठेका जिज्ञासा तथा प्रश्नलाई सम्बोधन गर्दै सार्वजनिक सेवा प्रवाहलाई अझ बढी प्रभावकारी, गुणस्तरीय, नागरिक मैत्री, चुस्त तथा विश्वसनीय बनाउन सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारी प्रतिवद्ध रहने निर्णय गरियो।

**निर्णय नं. १५**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८० कार्तिक १३ गते जारी भएको २२ बुँदे सुझावका बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

राप्ती सोनारी गाउँपालिका र नेपाल आँखा कार्यक्रम- तिलगंगा आँखा प्रतिष्ठान बीच भएको सम्झौता बमोजिम राप्ती सोनारी ग्रामीण आँखा उपचार केन्द्रलाई आवश्यक पर्ने नेत्र सहायक (Ophthalmic Assistant ) १ जना र चश्मा सहयोगी (अप्टकल फिटर) १ जना एवं वडा नं ४ र ७ मा सञ्चालित भूमी व्यवस्थापन सम्बन्धी कामको लागि १/१ जना फिल्ड सहयोगी (Chain Man) को भर्ना प्रक्रिया राप्ती सोनारी गाउँपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १७**

सामाजिक विकास मञ्च बाँकेको मिति २०८० मंसीर ११ गतेको पत्रका सम्बन्धमा यस गाउँपालिकाको तपसीलका ३ स्थानमा साइरन जडान तथा विपद् सामाग्रीहरुको सुरक्षित भण्डारणका लागि आवश्यक कण्टेनर उपलब्ध गराउन अनरोध गर्ने निर्णय गरियो।

| सि नं | ठेगाना | स्थान | कैफियत |
|---|---|---|---|
| १ | राप्ती सोनारी गा. पा. - १ | बाघखोर | |
| २ | राप्ती सोनारी गा. पा. - ३ | सिनाबास | |
| ३ | राप्ती सोनारी गा. पा. – ६ | ढलैया | |

**निर्णय नं. १८**

यस गाउँपालिका भित्र रहेका सार्वजनिक पोखरी तथा धार्मिकस्थलहरुको विवरण वडा कार्यालय मार्फत मिति २०८० मंसीर २१ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो।

**निर्णय नं. १९**

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७–२०८८ को अनुसूची ३ बमोजिम स्थानीय प्रारम्भिक बालविकास समिति तपसील अनुसार गठन गर्ने तथा अनुसूची ४ बमोजिम वडास्तरीय प्रारम्भिक बालविकास समिति यथाशीघ्र गठन गर्न निर्देशन दिने निर्णय गरियो।

१. गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेल — अध्यक्ष
२. सामाजिक विकास समिति सदस्य श्री — सदस्य
३. अध्यक्ष, स्थानीय बाल अधिकार समिति
४. शाखा प्रमुखहरु (शिक्षा, स्वास्थ्य र महिला विकास)
५. बाल कल्याण अधिकारी
६. प्रारम्भिक बाल विकास विज्ञ श्री खेम बहादुर थापा — सदस्य

७. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा सदस्य - सचिव

**निर्णय नं. २०**

महिलाहरुको आङ्ग खस्ने रोगको निदानका लागि पाठेघरको परीक्षण सम्बन्धी स्वास्थ्य शिविर यस गाउँपालिकामा सञ्चालन गर्न लायन्स क्लब अफ नेपालगंजलाई अनुरोध गर्ने तथा यस गाउँपालिकाको वार्ड नं ३ मा दन्तरोग सम्बन्धी शिविर सञ्चालन गर्न कौशल्या मेमोरियल हस्पिटल प्रा. लि., पिपिरी, कोहलपुरलाई अनुमति दिने र सो शिविर कार्यक्रम व्यवस्थापनका क्रममा गाउँपालिकाको तर्फबाट खाजा खाना खर्च व्यहोर्ने एवं स्वास्थ्यकर्मी (Paramedics & Nursing staffs) हरु उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २१**

यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने चाहने तपसीलको गैर सरकारी संस्थाहरुलाई सहमति दिने निर्णय गरियो।

| सि न | संस्थाको नाम | कार्य/विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक श्रोत द्वन्द रुपान्तरण, नेपाल | न्याय सम्पादन | |

**निर्णय नं. २२ विविध।**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) विभिन्न समयमा विपद्जन्य कारण पशु चौपायको मृत्यु र घरमा भएको क्षतिका लागि वडाको सिफारिश, घरधुरी सर्वेक्षण, नागरिताको फोटोकपी, प्रहरी मुचुल्का लगायतका कागजातका आधारमा प्रचलित कानून र निर्णयको परिधि भित्र रही विपद् व्यवस्थापन कोषबाट तपसील अनुसार राहत उपलब्ध गराउने।

| सि न | नामथर | ठेगाना | घटना मिति | सहायता रकम | क्षतिको किसिम |
|---|---|---|---|---|---|
| १ | प्रेमलाल खत्री | रा.सो.गा.पा. ८ | २०८०/७/१७ | रु. ५,०००/- | घरको आंशिक क्षति |
| २ | चुन्की थारु | रा.सो.गा.पा. २ | २०८०/६/२९ | रु. ५,०००/- | घरको आंशिक क्षति |
| ३ | दयाराम थारु | रा.सो.गा.पा. ४ | २०८०/७/२६ | रु. ५,०००/- | पसल क्षति |
| ४ | राम थारु | रा.सो.गा.पा. ३ | २०८०/४/१२ | रु. १०,०००/- | मृत्यु |
| ५ | दत्तु बहादुर कामी | रा.सो.गा.पा. २ | २०८०/८/११ | रु. ५,०००/- | गोठको आगलागी |

(ख) राप्ती सोनारी गाँउपालिका भित्र रहेका व्यक्तिगत तथा सार्वजनिक भवनहरुको लगत व्यवस्थापन गर्न तथा गाँउपालिकाको राजस्व आम्दानी समेतलाई वृद्दि गर्न पुराना घरको हकमा मात्र विद्यमान घरनक्सा सम्बन्धी कानूनको अधिनमा रही २०८० माघ मसान्त सम्मका लागि घरनक्सा पास गर्ने अविध थप गर्नुका साथै यसको सार्वजनिक सूचना जारी गर्ने।

(ग) सञ्जिवनी मगर समाज, राप्ती सोनारी-२, बाँकेको मिति २०८०/०८/१० को पत्रमा आर्थिक सहयोग माग भएकोमा संस्थाको प्रतिवेदन र बील भरपाईका आधारमा रु. २५,०००/- (पच्चीस हजार मात्र) **भाषा कला संस्कृति जगेर्ना (१-९) शीर्षक**बाट उपलब्ध गराउने।

(घ) प्रत्येक वडामा रहेका होचा पुड्का व्यक्तिहरुको विवरण महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा २०८० मंसिर मसान्त भित्र उपलब्ध गराउने।

(ङ) राप्ती सोनारी वृहत खानेपानी आयोजना यस गाउँपालिकाको वार्ड नं. ६ सञ्चालन गर्न खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नेपालगंजलाई अनुरोध गर्ने।